# बेरोजगारी लाभहरू र स्वास्थ्य बीमाबारे धैरै सोधिने प्रश्नहरू

*यो प्रकाशनमा मार्च 19, 2020सम्मको जानकारी र मार्गनिर्देशन समावेश गरिएको छ।*

## बेरोजगारी बीमा

**रोजगारदाता बन्द भएको कारणले बेरोजगारी बीमा प्राप्त गर्न को योग्य रहेका छन्?**

रोजगारदाताले भविष्यमा फेरि खोल्ने प्रयोजन राखेको वा नराखेको कुरामा आधारित नभइकन, रोजगारीबाट निकालिएका वा समय घटाइएका एक कर्मचारी राज्यबाट बेरोजगारी बीमाकोलागि आवेदन दिन योग्य छन्।

**के एक स्वतन्त्र कन्ट्राक्टर बेरोजगारी बीमा लाभ प्राप्त गर्न योग्य छन्?**

छैनन्। एक स्वतन्त्र कन्ट्राक्टर बेरोजगारी बीमा प्राप्त गर्न योग्य छैनन्। यदि कामदारको भुक्तानकर्तासँग कामको परिणामलाई मात्र नियन्त्रण वा निर्देशन गर्ने अधिकार रहेको छ (र काम कसरी गरिन्छ भन्नेमा छैन) भने सामान्यतया: त्यस्ता कामदार एक स्वतन्त्र कन्ट्राक्टर हुन्छन्।

कामदार एक "स्वतन्त्र कन्ट्राक्टर" भएको वा एक "कर्मचारी" भएको कुरा प्रत्येक मामलाको तथ्यमा आधारित रहन्छ। तपाईंलाई आफ्नो वर्गीकरण एक कर्मचारीको रूपमा गरिनु पर्नेमा त्यस्तो नगरेर एक स्वतन्त्र कन्ट्राक्टरको रूपमा गलत ढंगले वर्गीकरण गरिएको छ भन्ने तपाई विश्वास राख्नुहुन्छ भने, तपाईंले आफ्ना वकीलसँग परामर्श लिनु पर्दछ। तपाईंले बेरोजगारी बीमा लाभहरूकालागि पनि निवेदन दिन सक्नुहुन्छ र तपाई योग्य हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुरा त्यसपछि राज्यले निर्धारण गर्नेछ।

**बेरोजगारी बीमा प्राप्त गर्न व्यक्तिले के-कस्ता कदम चाल्नुपर्छ?**

बेरोजगारी बीमा प्राप्त गर्नकोलागि, एक व्यक्तिले New York State Department of Laborमा आवेदन पेश गर्नुपर्छ। आवेदन दिने दुईवटा तरिका रहेका छन्:

निम्न समयहरूमा ny.gov/services/get-unemployment-assistance मा अनलाइनबाट आवेदन दिनुहोस्:

- सोमबार – बिहीबार: 7:30 a.m. - 7:30 p.m.
- शुक्रबार: 7:30 a.m. - 5 p.m.
- शनिबार: कुनै पनि समय
- आइतबार: 7 p.m. सम्म

यी विस्तारित समयहरूमा 1-888-209-8124 मा टेलिफोनद्वारा आवेदन दिनुहोस्:

- सोमबारदेखि बिहीबारसम्म: 8:00 a.m. - 7:30 p.m.
- शुक्रबार: 8:00 a.m. - 6:00 p.m.
- शनिबार: 7:30 a.m. - 8:00 p.m.

**एक व्यक्तिले कति शीघ्र बेरोजगारी बीमाकोलागि दाबी फाइल गर्न सक्छन्?**

व्यक्तिहरूले आफू निकालिएको वा आफ्ना समय घटाइएको लगत्तै एउटा दाबी फाइल गर्न सक्छन्। धैरै मात्रामा आवेदनहरू प्राप्त भएकाले, Department of Laborले आवेदकको थरको पहिलो अक्षरको आधारमा नयाँ आवेदन प्रणाली कार्यान्वयन गरेको छ:

- A - F : सोमबार
- G - N : मंगलबार
- O - Z : बुधबार
- तपाईंले आफ्नो दिन छुटाउनु भएमा: बिहीबार, शुक्रबार र शनिबार

सबै दाबीहरू आवेदन फाइल भएको हप्ताको सोमबारबाट प्रभावी हुन्छन्। दाबी फाइल भएको हप्ताको कुनै दिनमा आधारित रहेर कुनै पनि बेरोजगारी बीमा भुक्तानीमा ढिलाई हुँदैन।

**योग्य व्यक्तिले कति शीघ्र बेरोजगारी बीमा प्राप्त गर्न सुरु गर्ने छन्?**

व्यक्तिहरूलाई एक-वर्षको अवधिमा, बेरोजगारीको पहिलो हप्ताबाट बढीमा 26 हप्तासम्म भुक्तानी गरिनेछ। केही विशेष परिस्थितिहरूमा, राज्यले 26 हप्ता भन्दा पछिसम्म पनि बेरोजगारी लाभहरूको भुक्तानीलाई लम्बाउन सक्छ।

**एक पूर्व कर्मचारीले बेरोजगारी बीमा लाभहरू प्राप्त गर्नको लागि योग्यता साबित गर्न के देखाउनुपर्छ?**

पूर्व कर्मचारीले (1) हालैको कामको इतिहास प्रमाणित गर्नु पर्दछ, (2) बिना आफ्नो गल्ती कामबाट निकालिएको हुनु पर्दछ, (3) काम गर्न तयार, इच्छुक र सक्षम हुनु पर्दछ, र (4) सक्रिय रूपमा रोजगारी खोजिरहेको हुनु पर्दछ।

- *नोट*: COVID-19 संकटले गर्दा 3/13/2020बाट प्रभावकारी हुने गरी एक पूर्व कर्मचारीको "सक्रिय रूपमा रोजगारी खोज्ने" कार्यमा बाधा ल्याए पनि, राज्यले यो आवश्यकतालाई स्थगित गरेको छैन।

**यदि एक पूर्व कर्मचारीलाई आफ्नो गल्ती बिना नै कामबाट निकालिएको थियो भने के उनले प्रयोग नभएर जम्मा भएका बिरामी बिदा वा विश्राम दिनहरूको भुक्तानी प्राप्त गर्न सक्छन् ?**

कर्मचारीहरूले आफ्नो विश्राम दिनको भुक्तानी बाँकी छ वा छैन भन्ने कुरा निर्धारण गर्न आफ्ना पूर्व रोजगारदाताको नीति जाँच गर्नुपर्छ। यदि एक कर्मचारीले आफ्ना पहिलेका रोजगारदाताबाट विश्रामका दिनहरू आर्जन गर्नु भएको थियो र कामबाट निकालिँदा भुक्तानी प्राप्त गर्नु भएको थिएन भने उनले NYS Department of Laborमा उजुरी दायर गर्न सक्छन्। New York Cityमा, रोजगारदाताहरू प्रयोग नगरिएका बिरामी बिदाहरूकोलागि एक पूर्व कर्मचारीलाई कानूनी रूपमा भुक्तान गर्न जिम्मेवार हुँदैनन् तर केही रोजगारदाताहरूसँग त्यस्तो गर्ने नीतिहरू हुन सक्छन्।

**के एक आप्रवासी कामदार बेरोजगारी बीमाको लागि हकदार रहेका छन्?**

छन्, तर ती कामदारले सामान्यतया: आफ्ना पूर्व आम्दानीहरू प्राप्त गरेको र लाभहरूकालागि आवेदन दिएको समयमा काम गर्ने स्वीकृति पाएको हुनु पर्दछ।

**व्यक्तिले कतिसम्म बेरोजगारी बीमा प्राप्त गर्नुहुनेछ?**

एक व्यक्तिले आफ्ना आम्दानीहरूको आधारमा हप्तामा $104 देखि $504 सम्म प्राप्त गर्नेछन्।

**के एक पूर्व कर्मचारी बेरोजगारी बीमा प्राप्त गर्नका लागि हकदार छन् वा छैनन् भन्ने कुराको Cityले** निर्धारण गर्छ?

गर्दैन। यो निर्धारण City वा रोजगारदाताले नभई NYS Department of Laborले गर्दछ।

## <u>बेरोजगारका लागि स्वास्थ्य बीमा</u>

**स्वास्थ्य <u>बीमा</u> प्राप्त गर्ने कार्य जारी राख्न एक पूर्वकर्मचारीले के गर्नु पर्दछ?**

पूर्व कर्मचारीले निम्न गर्न सक्नुहुन्छ:

1. State marketplaceमा स्वास्थ्य स्याहार कभरेज खरिद गर्नकोलागि NY State of Health को वेबसाइट ([https://nystateofhealth.ny.gov/](https://nystateofhealth.ny.gov/)) मा जानुहोस्; वा
2. यदि राज्यले कर्मचारी योग्य भएको ठम्याउँछ र रोजगारदाताको स्वास्थ्य योजना योग्य ठहरिन्छ भने आफ्ना रोजगारी-आधारित स्वास्थ्य बीमालाई जारी राख्न COBRA अन्तर्गतको स्वास्थ्य बीमाको निरन्तरता खरिद गर्नकालागि आफ्ना पूर्व रोजगारदातासँग सम्पर्क गर्नुहोस्।

**एक पूर्व कर्मचारी यसकालागि योग्य ठहरिँदैनन् वा उनमा माथिका स्वास्थ्य बीमा विकल्पहरूकालागि भुक्तानी गर्ने क्षमता छैन भने के हुन्छ?**

ती पूर्व कर्मचारीले NYC Health + Hospitalsद्वारा प्रदान गरिने सेवाहरू प्राप्त गर्न NYC Careमा भर्नाकोलागि आवेदन दिन सक्नुहुन्छ।

- <u>नोट</u>: NYC Care स्याहार एक बीमा योजना **होइन** तर यसले NYC Health + Hospitalsद्वारा प्रस्ताव गरिएका सेवाहरूमा आय र परिवारको आकारमा आधारित रहेको छुट दरलाई सुनिश्चित गर्दछ।

## अतिरिक्त सहायता

कामदारहरूले अतिरिक्त सहायताको लागि कुन खर्च–रहित कानूनी सेवाहरूसँग सम्पर्क गर्न सक्नुहुन्छ?

- Legal Aid Society: (888) 663-6880
- Legal Services NYC: (917) 661-4500
- New York Legal Assistance Group: (212) 613-5000
- Unemployment Action Center: (212) 998-6568